स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली सङ्गीत तथा अभिनय क्षेत्रका चर्चित दुर्गेश थापा र भारतकी 'प्लानेट मिस इन्डिया वर्ल्ड २०१८' नव्याश्री अभिनित 'रूपकी रानी, शेरको राजा' बोलको म्युजिक भिडियो सार्वजनिक भएको छ । शुक्रबार सार्वजनिक यो गीतमा कृष्ण केसी र सदिक्षा कट्टेलले स्वर दिएका छन् । सङ्गीत कृष्ण केसीको रहेको छ भने शब्द रचना नव्याश्री आफैंले गरेकी हुन् । म्युजिक कड प्रोग्रेसन मदन केसीले गरेका छन् भने गीतको मिक्सिङ र मास्टरिङ श्यामश्वेत रसाइलीले गरेका छन् ।

**आजको विचार...**



इन्द्रबहादुर बराल

**कृषि...**

*(दुई पेजमा)*

(दुई पेजमा)

आलिया भट्ट को 'जिगरा' आउनेछ भने प्रतीक गान्धीको 'अग्नि' पनि चिसिंदो मौसममा दर्शकलाई मनोरञ्जन दिन तयार छ । जिगरा दिदीभाइको सम्बन्धमा आधारित बलिउड फिल्म 'जिगरा' शुक्रबारदेखि नेटफ्लिक्समा रिलिज भएको छ । आलिया दिदीको भूमिकामा छिन् भने वेदांग रैना भाइको रोलमा । अर्को फिल्म विक्की विद्याका वो वाला भिडियो वसन बालाले फिल्मलाई निर्देशन गरेका हुन् । राजकुमार राव र तृप्ति डिमरीको यो फिल्म करिब दुई महिनापछि ओटीटीमा रिलिज हुँदैछ ।



❐ वर्ष ३० ❐ अंक १३५ ❐ २०८१ मंसिर २३ गते आइतबार 8 December 2024, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### इमरान खानको याचिकामा सुनुवाइ गर्ने

(रासस/एएनआई) ———

**इस्लामाबाद,** मंसिर२२/पाकिस्तानको सर्वोच्च अदालतले सन् २०२३, १० मे को घटनाहरूको अनुसन्धान गर्न न्यायिक आयोग गठन गर्न माग गर्दै पीटीआईका संस्थापक इमरान खानले दायर गरेको याचिकामा डिसेम्बर १० मा सुनुवाइ गर्ने समय तय गरेको छ ।

सर्वोच्च अदालतले शुक्रबार जारी गरेको कारण सूची अनुसार न्यायाधीश अमिनुद्दीन खानको नेतृत्वमा रहेको सात सदस्यीय संवैधानिक इजलासले मुद्दाको अध्यक्षता गर्नेछ । याचिका दुई महत्वपूर्ण घटनाहरूको छानबिन गर्न न्यायिक आयोगहरूको लागि इमरान खानको मागसँग जोडिएको छ । सरकारसँग संलग्न हुन गठित वार्ता टोलीमा ओमर अयुब खान, अली अमीन गण्डापुर, साहिबजादा हमिद रजा, सलमान अक्रम राजा र असद कैसर रहेका छन् ।

शुक्रबार इमरानले यस विषयमा आफ्ना मागहरू दोहोऱ्याउँदै भने,'हाम्रा दुईवटा मागहरू छन् । घटनाहरूको स्वतन्त्र अनुसन्धान गर्न सर्वोच्च अदालतका सबैभन्दा वरिष्ठ न्यायाधीशहरूको नेतृत्वमा आयोग गठन गर्नुपर्छ । अन्यायपूर्वक थुनिएका राजनीतिक बन्दीहरूलाई रिहा गरिनुपर्छ ।'

इमरानले यी मागहरू पूरा नभएमा पीटीआईद्वारा 'नागरिक अवज्ञा, रेमिट्यान्समा कमी र बहिष्कार आन्दोलन' सुरु गर्ने चेतावनी दिएका छन् । यस मुद्दाको अतिरिक्त, फेब्रुअरीको आम चुनावमा धाँधली भएको आरोप लगाउँदै पीटीआईका संस्थापकले दायर गरेको छुट्टै याचिकामा डिसेम्बर ११ मा अर्को सुनुवाइ हुने छ ।

# गाउँमा विद्युत् अवरुद्ध हुँदा तानसेनमा लाईन जाने समस्या हट्यो

**रामचन्द्र रायमाझी** ———

**पाल्पा,** मंसिर २२/ग्रामीण क्षेत्रमा विद्युत् अवरुद्ध हुँदा तानसेनमा लाईन जाने समस्या हटेको छ । नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र पाल्पाले बजार क्षेत्रको विद्युत् आपूर्तिमा सहज बनाउन सिटी फिडर राखेर विद्युत् विस्तार गरेसँगै बजार क्षेत्रमा लाइन जाने समस्याको अन्त्य भएको हो ।

ग्रामीण क्षेत्रमा हावा, हुरी र अन्य कारणले विद्युत अवरुद्ध हुँदा तानसेन बजारको लाइन अवरुद्ध हुँदै आएको थियो । ग्रामीण क्षेत्रको लाईन र बजार क्षेत्रका केही टोलहरुमा सप्लाई हुने विद्युत एउटै फिडरबाट आपूर्ति हुँदा बजार क्षेत्रको विद्युत् आपूर्ति असहज बन्दै आएको बेला वितरण केन्द्र पाल्पाले लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री वीरबहादुर रानाको पहल र तानसेन नगर सरकारको समन्वयमा छुट्टै सिटी फिडर जडान गरी बजार क्षेत्रको विद्युत् आपूर्ति सहज बनाएको हो ।

तानसेनका विभिन्न स्थानमा तीन वटा नयाँ ट्रान्फर्मर राखेर केन्द्रले शनिबारदेखि विद्युत् आपूर्ति सहज बनाएको छ । लुम्बिनी प्रदेश सांसद वीरबहादुर राना र तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले तानसेन नगरपालिका-१ बराङ्दीमा राखिएको मुख्य ट्रान्फर्मरबाट स्वीच अन गरेर नयाँ विद्युत्को विस्तार गरेका हुन् । विद्युत् सेवाको शुभारम्भ गर्दै प्रदेश सांसद रानाले गाउँको विद्युत्मा कतै फल्ड हुन साथ बजार नै अन्धकार बन्नुपर्ने अवस्थाको अन्त्य भएको



बताए । उनले लामो संघर्ष पछि वितरण केन्द्रले देखाएको सक्रियताका कारण विद्युत् आपूर्तिमा देखिएको समस्यामा सहज भएको उल्लेख गरे । सांसद रानाले भने,' तानसेन विद्युत् मुनिको अध्यारो जस्तै बनेको अवस्था थियो, गाउँमा विद्युत् अवरुद्ध हुन साथ बजार अध्यारो हुनुको साथै कुनै बेला भोल्टेज कम हुँदा साना मेसिन समेत चल्न नसक्ने अवस्थाको पिडा आम नागरिकले भोग्नु पऱ्यो, त्यो समस्यालाई मध्यनजर गरे अहिले विद्युत् आपूर्ति सहज बनाउने काम भएको छ । वास्तवमा यसले बजार र ग्रामीण क्षेत्रका नागरिकलाई ठूला राहत मिल्ने मैले विश्वास लिएको छु ।' विद्युत् विस्तारका लागि आवश्यक बजेट विनियोजनमा पहल गरेका रानाले वितरण केन्द्रका प्रमुख र प्राविधिकहरुको तदारुकताका कारण समयमै सेवा विस्तार हुन सफल भएको भन्दै उनीहरुलाई धन्यवाद समेत व्यक्त गरे ।

नगर प्रमुख सन्तोषलाल श्रेष्ठले गाउँ र बजार क्षेत्रमा देखिएको विद्युत् आपूर्तिको समस्या ढिलाई भए पनि समाधान गर्न सफल भएको बताए । उनले सेवा विस्तारमा पहल गर्नेहरुलाई धन्यवाद दिर्दै गाउँमा विद्युत् अवरुद्ध हुँदा अब बजारमा अध्यारोमा बस्न नपर्ने उल्लेख गरे । चार करोड लागतमा बजार र ग्रामीणबिचको विद्युत् आपूर्ति सहज बनाइएको वितरण केन्द्रका प्रमुख दिलिप मरासिनीले बताए । उनले बजारको लागि छुट्टै फिडर निर्माण गरेको जानकारी दिए । श्रीनगरदेखि चिलाङ्दीसम्म एक सय वटा पोलहरु गाडेर बजारको लागि छुट्टै फिडर जडान गरिएको प्रमुख मरासिनीले बताए । उनका अनुसार जय दुर्गे निर्माण सेवाले उक्त निर्माणको कार्य गरेको हो । दुई महिनाभित्र निर्माण कार्य सम्पन्न गर्न सफल भएको उनको भनाई छ । नयाँ विद्युत् विस्तारसँगै तानसेनमा अब नयाँ लोड थप गर्न सकिने भएकाले बजारमा विद्युत् आपूर्ति सहज हुने प्रमुख मरासिनीले बताए ।

बराङ्दी, गोर्खेकोट र चिलाङ्दीमा छुट्टाछुट्टै तीन वटा ट्रान्फर्मर राखिएकोले भोल्टेजको कुनै पनि समस्या नहुने उनको भनाई छ । लाईन विस्तार भएसँगै स्थानीय उपभोक्ताहरुमा उत्साह जागेको तानसेन -१ का वडा अध्यक्ष सुनिल कुमार बस्याललले बताए । उनले गाउँतिर लाइनमा समस्या आउन साथ बजारमा त्यसको प्रभाव पर्ने हुँदा आमनागरिकबाट गुनासो आउने गरेकोमा विद्युत् विस्तारसँगै त्यसको अन्त्य भएको उल्लेख गरे ।

## कर्मचारी आवश्यकता

**सारा मोटर कर्प्स**का लागि केही कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**संख्या :** महिला १ (एक), पुरुष ३ (तीन)

**योग्यता :** +२ उत्तीर्ण

**तलव :** नियम अनुसार

**आवेदन दिने अन्तिम मिति :** २०८१/०८/३० गते सम्म ।

आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

***(नोट :** कम्प्यूटर सम्बन्धी ज्ञान भएको, मोटरसाइकल, स्कुटीको लाइसेन्स भएको र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।)*

**सारा मोटर कर्प्स**

होलाङ्ग्दी, तानसेन, पाल्पा

सम्पर्क नं. : ९८५७०८२५०१

E-mail : saramotorsales@gmail.com

# रामपुर सीताकुण्डमा 'विवाह पञ्चमी' उत्सवको रुपमा मनाइँने

**पाल्पा,** मंसिर २२/आगामी वर्षदेखि रामपुरको सीताकुण्डमा विवाह पञ्चमी उत्सवको रुपमा मनाइने भएको छ । रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले सीताकुण्डमा विवाह पञ्चमीलाई उत्सवको रुपमा मनाउने बताएका छन् । उनले विवाह पञ्चमीको अवसरमा सीताकुण्ड मन्दिर व्यवस्थापन समितिको आयोजनामा सीताकुण्डमा भएको कार्यक्रमलाई सम्बोधन गर्दै नगरपालिकाले विवाह पञ्चमीलाई उत्सवको रुपमा मनाउनका लागि आगामी वर्षदेखि आवश्यक व्यवस्था गर्ने बताएका हुन् ।

आमामी वर्षदेखि विवाह पञ्चमीमा रामपुर नगरपालिका- ५ पञ्चेबाजा सहित बेहुला भएर सीताकुण्ड जाने र वडा नं ४ र ३ माईती पक्ष भएर स्वागत गर्ने परम्पराको थालनी गरिने बताउँदै नगर प्रमुख थापाले यसको व्यवस्थापन नगरपालिकाले गर्ने उल्लेख



गरे । उनले सीताकुण्डको महत्व बारे सबैलाई बुझाउन आवश्यक रहेको बताए । थापाले आर्थिक विकासको लागि पर्यटनसँग जोडिनु आवश्यक रहेको बताउँदै सीताकुण्डलाई पर्यटनसँग जोड्न आवश्यक पूर्वाधार निर्माणको काम भैरहेको समेत बताए । कार्यक्रममा रामपुर नगरपालिका -५ का वडा अध्यक्ष दुर्गा प्रसाद पोखरेलले हरेक मानिसलाई धार्मिक र आध्यात्मिक ध्यानले ज्ञान प्राप्त हुने बताए । वडा नं. ४ का वडा अध्यक्ष रामबहादुर रानाले सीताकुण्डको धार्मिक ऐतिहासिक पौराणिक महत्व रहेकाले यसको संरक्षणमा सबै लाग्नु पर्नेमा जोड दिए ।

लक्ष्मी नारायण मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बुद्धि प्रकाश रेग्मीले रामघाट र सीताकुण्ड लगायत भगवान राम र सीतासँग सम्बन्धित रामपुर क्षेत्रका धार्मिक र पर्यटकिय क्षेत्रहरुलाई एकीकृत रुपमा विकास गर्नुपर्ने बताए । उनले धार्मिक ग्रन्थहरुमा उल्लेख भएको सीताकुण्डसँग सम्बन्धित लेख संस्कृतमा र नेपालीमा लेखेर ठूलो बोर्ड सौजन्य गर्ने बताए ।

रामपुर अस्पतालका पूर्व अध्यक्ष तथा युवा सामाजसेवी रामप्रसाद ढकाल रमेशले सीताकुण्डको छुट्टै महत्व भएकाले यसको विकास लागि नगरले विशेष रुपमा हेर्नुपर्ने धारणा व्यक्त गरे । रामपुर-३ का वडा अध्यक्ष दामोदर पाठकले नगर प्रमुख थापाले सीताकुण्डको धार्मिक पर्यटन प्रवर्द्धनका लागि गरे घोषणाको स्वागत गरेका थिए । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष चुल बहादुर सेनको अध्यक्षता,सीता माध्यमिक विद्यालयका साहायक प्रध्यानाध्यापक जीवन पराजुलीको स्वागत र पत्रकार दुर्गेश मल्लको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## महिनावारी स्वच्छ र मर्यादित बनाऔं

बाँच्नका लागि अनिवार्य रहेका खानपान, श्वास–प्रश्वास, मलमूत्र विसर्जनजस्ता जैविक परिघटनाजस्तै प्रजननशील महिलाका लागि रजस्वला पनि शरीरको स्वाभाविक र अनिवार्य क्रिया हो । तर सृष्टि धान्ने यो चक्रलाई हाम्रो समाजले अझै पनि स्वाभाविक रूपमा स्वीकार गर्न सकेको छैन, जसका कारण महिलाहरू महिनावारीजन्य छुवाछुत तथा समस्याहरूबाट ग्रस्त भैरहनुपरेको छ । नेपाली समाजमा महिनावारीलाई 'छुई हुनु', 'पर सर्नु', 'पाखा लाग्नु', 'पन्छिनु', 'बाहिर सर्नु भन्ने गरिन्छ । केही ठाउँहरुमा महिनावारी भएका बेला महिलाहरूलाई छाउगोठमा बस्नुपर्ने बाध्यता मात्रै छैन विभेद समेत सहनुपरेको छ । महिनावारी बार्ने नाममा देशका अधिकांश महिलालाई अहिले पनि आधारभूत स्वास्थ्य तथा सरसफाइ, खानपान, आराम र बसाइका साथै न्यूनतम मर्यादाको अधिकारबाट समेत वञ्चित गराइएको छ । यसमा हाम्रा कतिपय धर्मशास्त्रका मान्यताहरूलाई मात्र दोष दिने ठाउँ छैन । किनभने धार्मिक आस्था पालना गर्न नरुचाउने र आफूलाई आधुनिक पुस्ताका मान्ने धेरै पुरुष नै आफ्ना पत्नी, बहिनी, छोरीलाई रजस्वलामा छोइछिटो गर्नेमा अग्रपंक्तिमा देखिन्छन् ।

संविधानले महिलालाई विभेदरहित बाँच्न पाउने अधिकार सुनिश्चित गरेको भएपनि अझै पनि अधिकांस महिलाहरु विभेदको सामाना गर्न बाध्य हुनु दुर्भाग्य हो । महिनावारीका कारण किशोरी/महिला माथि गरिने विभेद, लाञ्छनाहरुलाई मर्यादित बनाउने उद्देश्यले हरेक वर्ष ८ डिसेम्बरलाई अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवसको रुपमा मनाउने गरिन्छ । आज आइतबार पनि नेपालसहित विश्वभर यो दिवस मनाइँदै छ, तर पनि महिलाहरुले त्यो विभेद सहनु परेको अवस्था कायमै छ । महिनावारी स्त्री शरीरको प्राकृतिक भाषा हो । तर, यसलाई अनेक भ्रान्ति र अन्धविश्वासका कथा जोडेर स्त्री शरीर र मनोविज्ञान माथि शासन गर्ने चक्रव्यूहलाई तथाकथित परम्पराको नाम दिइयो । महिलाको शरीरबाट महिनाको एक चक्रका हिसाबले प्रजननयोग्य उमेरभरि निस्कने रगत जैविक रूपमा जति स्वाभाविक छ, सांस्कृतिक रूपमा त्यति नै दुःखदायी र मर्मान्तकारी छ । महिनावारी भएका बेला छाउगोठमा बस्नुपर्ने भएकाले जीउज्यानकै असुरक्षा हुने, बलात्कृत हुने, मृत्यु हुने जस्ता भयावह घटनाका कारण यो परिवार वा समाजको मात्रै होइन, देशकै प्रतिष्ठासँग गाँसिएको प्रकरण बनेको छ । यसले स्त्री शरीर माथिको साँस्कृतिक उत्पीडन समाजको साझा चिन्ताको विषय हो भन्ने कुरालाई सबैले आत्मसात् गर्न आवश्यक छ । यसर्थ महिनावरीको अवस्थालाई स्वभाविक प्रक्रियाको रुपमा लिएर स्पच्छ र मर्यादित महिनावारी बनाई महिलाहरु सम्मानजनक रुपमा समाजमा बाच्न पाउने अधिकार सुनिश्चित गर्ने विषयमा सबैले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

जिन्दगी बुझ्ने आफ्नो -आफ्नो तरिका हुन्छ, विचार नमिल्दैमा सबै गलत हुँदैनन्
*(उमा भण्डारीको फेसबुक स्टाटस https://www.facebook.com/Umabhandari07)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कृषि, पर्यटन र ऊर्जाबाट मात्र भरपर्दो आर्थिक प्रगति सम्भव



**इन्द्रबहादुर बराल**

*राज्यले विशेषज्ञता हासिल गरेका विज्ञहरूलाई परिचालन गरेर देशको मुहार फेर्न कुनै गाह्रो कुरा हो जस्तो लाग्दैन । देश विकास र समृद्धिको पहिलो शर्तको रूपमा कृषि, पर्यटन र ऊर्जाको प्रष्ट कार्ययोजनाको मार्गचित्र बनाउनुपर्छ । यो यो गरेमा देशमा समृद्धि ल्याउन सकिन्छ भन्ने एउटा स्पष्ट मार्गचित्र बनाऔं अनि त्यसलाई राजनीतिक तहमा बहस चलाऔं र त्यसको कार्यान्वयनका लागि राष्ट्रिय एकता कायम गर्दै अघि बढौं । यसैबाट आजको खस्कँदो अर्थ व्यवस्थालाई सुधार्न सकिन्छ । अब धेरै ठूला कल्पनाशीलतातिर नलागौं । आफ्नै स्रोतसाधनबाट परिचालन गर्न सकिने उद्योगहरूबाट दिगो विकासको आधार तयार गर्न सकिन्छ । विकासका लागि राजनीति हो न कि राजनीतिका लागि विकास होइन भन्ने यथार्थलाई आत्मसात गर्दै जानुपर्ने आजको भूयथार्थ हो । उपलब्ध स्रोतसाधनको अधिकतम उपयोगमार्फत देश विकासमा लाग्नु एकमात्र विकल्पहीन कार्यभार हो । नेपालको अर्थ व्यवस्था कृषिमा आधारित छ र हुनु पनि पर्छ ।*

जबसम्म हामीले कृषि, पर्यटन र ऊर्जा क्षेत्रमा गम्भीर ध्यान दिँदैनौं तबसम्म बिग्रँदो आर्थिक अवस्थाबाट हामीमाथि उठ्न सक्तैनौं । ठूला ठूला उद्योग र कलकारखानाको कल्पनाभन्दा आफैंसँग भएका वा उपलब्ध स्रोतसाधनको समुचित उपयोगतिर लाग्नु श्रेयस्कर हुन्छ । पहिले पहिले भन्ने गरिन्थ्यो उत्तम कृषि, मध्यम व्यापार र अधम जागिर । पेशामा कृषि नै उत्तम मानिन्थ्यो तर जुन बेलादेखि नेपालले कृषिमा यथोचित ध्यान दिन छोड्यो त्यस समयदेखि नेपाल आर्थिक दृष्टिले ओरालो लाग्न सुरु गर्‍यो । कृषिमा सरकारहरूको उचित ध्यान जान नसक्दा आज नेपाल पूर्णरूपले परनिर्भरतामा बाच्न बाध्य भएको छ ।

पहिलो जनक्रान्तिले मानिसहरूमा आर्थिक सामाजिक र शैक्षिक जागरण ल्याए पनि प्रगतिका पाइला यथोचित ढंगले अघि बढ्न सकेनन् । कृषि क्षेत्रमा सुधार आउनुको सट्टा बिस्तारै ओरालो लाग्न थाल्यो । पढेलेखेका युवाहरू खेतपाखोमा काम गर्नु हुँदैन भन्ने जस्ता धारणा देखिए । जसले गर्दा कृषि पेशाप्रति नकारात्मक असर पर्न गयो । यसमा राज्य पनि नराम्रोसँग चुक्यो । शिक्षित युवाहरूमा हलो जोत्नु र कुटोकोदालो गर्नै हुँदैन भन्ने सोच बढी नै देखिन पुग्यो । देशमा कृषि क्याम्पसहरू स्थापना भए र कृषि पढेका युवा शारीरिक रूपले खेतबारीमा पाइलै नटेक्ने भए । भन्दा हामी नेपाललाई कृषिप्रधान देश भन्ने तर व्यवहारमा एउटा खुर्सानीको ढिँडी पनि विदेशबाट आयात नगरे खान नपाउने अवस्था सिर्जना भइरहेको छ । यस्को विकल्प भनेको कृषि नै हो । हाम्रा उर्बर भूमिलाई बाँझो राखेर बिहान, दिउँसो, बेलुका हरेक समय विशेष गरेर भारतबाट खाद्यन्न आयात नगरेसम्म नेपालीका चुलाचौका चल्नेवाला छैनन् । अपार सम्भावना बोकेको कृषि क्षेत्रको पुनर्जागरणको हावाहुरी नल्याएसम्म नेपालले प्रगतिको ढोका खोल्न सक्दैन ।

यस यथार्थलाई आत्मसात गरेर राज्यले कृषि क्षेत्रको विकासमा के कस्तो नीति अवलम्बन गर्नुपर्ने हो कति पनि ढिला नगरी आकर्षक नीति ल्याउन अत्यावश्यक भइसकेको छ । यद्यपि नेपालको वर्तमानमा देखिएको आर्थिक संकट टार्न पर्यटन र ऊर्जाको पनि त्यत्तिकै भूमिका छ जसलाई नकार्नु महामुर्खता हुनजान्छ । जसरी पब्लिक, प्राइभेट पार्टनरसिप भनेर तीन खम्बे अर्थनीति लिइएको थियो त्यसरी नै कृषि, पर्यटन र ऊर्जा विकासमार्फत देशले समृद्धि ल्याउन सकिन्छ । माथि उल्लेख गरिएका तीन खम्बे नीति नयाँ त नभनौं तर राज्यको प्राथमिकतामा नपरेको कृषिलाई उच्च स्थानमा राखेर अघि बढ्नुपर्छ । त्यस्तै कहिल्यै नसकिने अनन्त सम्भावना बोकेको पर्यटन उद्योगलाई नेपालमा आकर्षणको केन्द्र बिन्दु बनाउनुपर्छ । प्रकृतिले भरिपूर्ण हाम्रो देश जता हेर्‍यो उतै पर्यटनका प्रचुर सम्भावना हुँदाहुँदै पनि त्यसको भरपूर लाभ लिन नसक्नु दुर्भाग्य नै हो । नेपालको भौगोलिक अवस्थिति यस्तो छ जहाँ हिमालदेखि पहाडसम्म त्यतिमात्रै होइन तराई पनि त्यत्तिकै आकर्षक मानिन्छ । तथापि ती सम्भावना बोकेका क्षेत्रहरूको समुचित उपयोग गर्न नसकेर आज गरिबीको झोला थाप्दै हिँड्नु परिरहेको छ । देशका श्रमशील युवाहरू स्वदेशमा रोजगारको अवसर नभएर वा सिर्जनशीलताको अभावमा विदेश पलायन हुनुपर्ने परिस्थिति अत्यन्तै दुःखद् पक्ष हो । यी कुरामा राज्य चुकेको छ । राज्यले विशेषज्ञता हासिल गरेका विज्ञहरूलाई परिचालन गरेर देशको मुहार फेर्न कुनै गाह्रो कुरा हो जस्तो लाग्दैन । देश विकास र समृद्धिको पहिलो शर्तको रूपमा कृषि, पर्यटन र ऊर्जाको प्रष्ट कार्ययोजनाको मार्गचित्र बनाउनुपर्छ । यो यो गरेमा देशमा समृद्धि ल्याउन सकिन्छ भन्ने एउटा स्पष्ट मार्गचित्र बनाऔं अनि त्यसलाई राजनीतिक तहमा बहस चलाऔं र त्यसको कार्यान्वयनका लागि राष्ट्रिय एकता कायम गर्दै अघि बढौं । यसैबाट आजको खस्कँदो अर्थ व्यवस्थालाई सुधार्न सकिन्छ । अब धेरै ठूला कल्पनाशीलतातिर नलागौं ।

आफ्नै स्रोतसाधनबाट परिचालन गर्न सकिने उद्योगहरूबाट दिगो विकासको आधार तयार गर्न सकिन्छ । विकासका लागि राजनीति हो न कि राजनीतिका लागि विकास होइन भन्ने यथार्थलाई आत्मसात गर्दै जानुपर्ने आजको भूयथार्थ हो । उपलब्ध स्रोतसाधनको अधिकतम उपयोगमार्फत देश विकासमा लाग्नु एकमात्र विकल्पहीन कार्यभार हो । नेपालको अर्थ व्यवस्था कृषिमा आधारित छ र हुनु पनि पर्छ । आफ्नै स्रोतसाधनको जगमा गरिने कुनै पनि विकास आयोजनाहरू दिगो हुनसक्छन् । यसमा कोही पनि द्विविधामा पर्नुपर्दैन । कृषि क्षेत्रको यथोचित प्रगतिमा पर्यटन उद्योग प्रत्यक नेपालीको घरआँगनमा आन्तरिक एवं बाफय पर्यटकको ओइरो लाग्नसक्छ । यो सम्भावना कुनै टाढाको विषय होइन । पर्यटन व्यवसायलाई प्रबर्द्धन गर्न त हामीले स्थानीय कृषि उत्पादनलाई जोड दिनुपर्ने हुन्छ । यहाँ तीन खम्बे अर्थनीतिलाई सफल बनाउन कृषि र पर्यटनको अतिरिक्त ऊर्जा विकासमा विशेष जोड दिनुपर्ने हुन्छ । यसरी यी क्षेत्रमा राज्यको उचित ध्यान जान सकेको अवस्थामा देशले कोल्टे फेर्ने कुरामा कुनै शंकै रहँदैन । ऊर्जा अर्थात् जलस्रोतको विकासलाई हाम्रो आयआर्जनको प्रमुख आधार बनाउन सकिन्छ । नेपालका नदीनाला त्यसै बगेर खेर गइरहेको सन्दर्भमा त्यसको उपयोगबाट देशले आर्थिक फड्को मार्न सक्छ । त्यसैले सबैभन्दा पहिले हामीले खाद्यान्नमा आत्मनिर्भर हुनुपर्‍यो । आज हरेक दैनिक उपभोग्य वस्तुहरू छिमेकी मुलुकबाट आयात नगरी नेपालीको चुलो नै नबल्ने स्थिति छ । यस्तो अवस्थाबाट मुक्ति पाउन कृषि क्षेत्रमा नै विशेष जोड दिनुको विकल्प देखिँदैन । कृषि विकासका लागि आवश्यक पर्ने मल तथा बिउलगायत आन्य चिज किसानलाई राज्यले यथा समयमा उपलब्ध गराउनुपर्छ । कृषिका लागि आधुनिक कृषि औजारदेखि सिँचाइको प्रबन्ध हुनु पहिलो शर्त हो । नेपाल जलस्रोतको धनी त भनिन्छ तर अधिकांश फाँटहरू सिँचाइको अभावमा उत्पादन दिन सकिरहेका छैनन् । त्यतिमात्रै हो र ऊर्जा संकट टार्नसमेत हम्मेहम्मे परिरहेको छ । त्यसैले जलस्रोतको भरपूर उपयोग गर्दै सिँचाइ र ऊर्जालाई छिमेकी मुलुक भारत र बंगलादेश आदि देशमा निर्यात गरेर आर्थिक विकासको ढोका खोल्नुपर्ने हुन्छ ।

अनिमात्र नेपालले आर्थिक समृद्धिमार्फत मुलुकको कायापलट हुनसक्छ । खेर गइराखेका हाम्रा अमूल्य स्रोतसाधनको उपयोग गर्दै मौजुदा आर्थिक संकट टार्ने एकमात्र उपयुक्त विकल्प नेपालीको अगाडि ठिंग उभिराखेको छ । आज देशको हरेक दृष्टिले ऊर्जाशीला युवाशक्ति विदेशिनुले मुलुक युवाविहीन बन्नपुगेको अवस्था बडो डरलाग्दो र विकाराल बन्दै गरेको छ । यो प्रसंगलाई समेत ध्यानमा राख्दै याथाशक्य चाँडो हामीले उल्लेखित क्षेत्रको विकासमा तदारुकता देखाउन सक्नुपर्छ ताकि आफ्ना श्रमशीला युवाहरू विदेशिनुबाट रोकिन सकून् । अतः कृषि, पर्यटन र ऊर्जाबाट देशको आर्थिक समृद्धि बनाउन सकियोस् । जुन आर्थिक विकास दिगो र भरपर्दो हुने निश्चित छ भने यसैलाई तीन खम्मे अर्थनीतिको सहायक नीति हुनसक्ने सम्भावना नकार्न सकिँदैन ।

**-ईहिमालयन टाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : साझेदारी व्यापारमा मनग्य लाभ कमाइनेछ।धार्मिक क्षेत्रमा मनजानेछ । | **तुला** : कार्यक्षेत्रमा रोकिएका कामहरू बन्नेछन्। पराक्रममा वृद्धि हुनेछ। |
| **वृष** :पायकपर्ने ठाउँको यात्रा हुनेछ। विशिष्टजनको सहायताले कार्य सकिएला। | **वृश्चिक** :विश्वासपात्र मित्रबाट धोखा मिल्न सक्छ। |
| **मिथुन** : सहकारी तथा वित्तीय लेनदेनमा असफलता हात लाग्नेछ। | **धनु** :नोकरी वा पेशामा वेतन वृद्धि हुन सक्ला। आर्थिक कारोबारमा लाभ । |
| **कर्कट** : कार्यक्षेत्रमा अर्काको देखासिकी गर्दा हानि हुनसक्ने योग छ। | **मकर** : कार्यक्षेत्रमा धेरै व्यस्तताको कारणले जीवन साथीसंग मनमुटाव हुन सक्ला। |
| **सिंह** :व्यापार व्यवसायमा पारदर्शिता र राख्नुहोस्।सफल यात्राको अवसर मिल्नेछ । | **कुम्भ** :व्यवसायमा इच्छाको विपरीत काम गर्नुपर्ला।घरपरिवारको मनमुटाव सुल्झिनेछ। |
| **कन्या** : आफन्तहरूसँग रमाइलो भेटघाट हुनेछ भने स्वादिष्ट भोजन पाइनेछ। | **मीन** : नोकरी वा पेशामा मित्रको सहयोग मिल्नेछ ।व्यापार व्यवसायमा लाभ मिल्नेछ। |

# कृषि

## केराखेतीबाट वार्षिक एक करोड ५० लाख आम्दानी



पर्वत जिल्लाको कुश्मा नगरपालिकास्थित ज्ञादी क्षेत्रमा व्यावसायिक रूपमा गरिएको केराखेतीबाट वार्षिक रु एक करोड ५० लाखसम्म आम्दानी भइरहेको छ । यहाँका कृषकले धानखेती मासेर सात वर्षदेखि व्यावसायिक रूपमा केराखेती गर्दै आएका छन् । पीपलटारी र कटुवाचौपारीका ६५ कृषकले एक हजार रोपनी क्षेत्रफलमा व्यावसायिक केरा उत्पादन गर्दै आएका हुन् ।

विसं २०५२ मा चितवनको राप्ती किनारबाट बिरुवा ल्याएर लगाइएको केराका बोट अहिले कृषकको प्रमुख आम्दानीको स्रोत बन्दै गएको हो । सोही बीउलाई आर्थिक वर्ष २०७६/७७ देखि 'केरा ब्लक'मा विस्तार गरी व्यावसायिक उत्पादन थालिएको ज्ञादी केरा ब्लकका संयोजक बाबुराम शर्माले जानकारी दिए । रोग प्रतिरोधात्मक क्षमता बढी रहेको फुस्रे जातको केरा लगाएर कृषकले गाउँमा वार्षिक रु एक करोड ५० लाखसम्म भित्र्याउने गरेका उनले बताए । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत केरा ब्लकका रूपमा यस क्षेत्रलाई विस्तार गरेपछि यहाँका कृषक केराखेतीतर्फ आकर्षित भएका संयोजक शर्माले उल्लेख गरे । जिल्लास्थित परियोजना कार्यान्वयन इकाईमार्फत कृषकहरूलाई केराका बिरुवा, यान्त्रिकरण, विषादी, प्राविधिक सहयोगका साथै केरा रोप्न अनुदानलगायतमा रु ८१ लाख सहयोग गरिएको उनले जानकारी दिए । अनुदानमा बिरुवा पाएपछि कृषकहरू धान, कोदो छाडेर केराखेतीमा आकर्षित भएका केरा ब्लकका संयोजक शर्माले बताए । उनका अनुसार यहाँ उत्पादित केरा सदरमुकाम कुश्मा, बागलुङ, साइकलचोक, फलेबास, मालढुङ्गा, पातीचौरलगायत बजारमा खपत हुने गरेको छ । गाउँमा पक्की सडक विस्तार भएकाले बिक्रीका लागि बजार लैजानुपर्ने अवस्था नरहेको कृषक दीपक सुवेदीले बताए । केरा व्यापारी गाडी लिएर केराको बगैँचासम्म आउने र सिधै लोड गरेर लैजाने भएकाले बजारीकरणको समस्या नरहेको उनले बताए । युवापुस्ताको विदेश पलायनसँगै बाँझिदै गरेको जमिनमा केराखेती गरेपछि नियमित आम्दानी हुनुका साथै जमिन उर्वर बनेको कृषक शोभनाथ लामिछानेले बताए । उनका अनुसार एउटै बोटमा चार सय कोसासम्म केरा फल्ने गरेका छन् । हरेक कृषकले न्यूनतम रु ५० हजारदेखि रु तीन लाखसम्म आम्दानी गर्दै आएको उनले जानकारी दिए । कम जनशक्ति, न्यून लागत र एकपटक लगाएपछि वर्षौंसम्म फाइदा लिन सकिने भएकाले गाउँका अधिकांश कृषक केराखेतीमा लागेका कृषक लामिछानेले बताए । प्रत्येक कृषकले न्यूनतम पाँचदेखि १० रोपनीसम्म क्षेत्रमा खेती गरिरहेका छन् । केरा बिक्री गरेर मात्रै धेरै आम्दानी नसकिएको भन्दै कृषकले वैकल्पिक योजना बनाएका छन् । केराको रेसाबाट धागो, पात र बुङ्गोबाट टपरी बनाएर स्थानीय महिलालाई पनि स्वरोजगार बनाउने तयारी भइरहेको कुश्मा-१० पीपलटारीका वडाध्यक्ष रामचन्द्र सुवेदीले जानकारी दिए । कृषकलाई गत वर्ष केराको अचार उत्पादनसम्बन्धी तालिम पनि दिइसकिएको भन्दै कतिपयले अचार बनाएर बिक्री गर्न थालेका उनले बताए । कृषकहरू केराखेतीबाट पूर्ण रूपमा आत्मनिर्भर भइनसकेका बताउँदै वडाध्यक्ष सुवेदीले केराको फलका साथै थाम, पात र बुङ्गो प्रशोधन गर्न आवश्यक तालिम र यन्त्र उपकरणको माग सङ्घीय सरकारसँग गरिएको जानकारी दिए । केराखेती विस्तार गरिएपछि गाउँमा जग्गा बाँझो हुनेक्रम हट्दै गएको बताउँदै कृषकहरूलाई प्रोत्साहन नगरपालिकाले विभिन्न योजनाहरू बनाइरहेको उनले उल्लेख गरे । -रासस

## बेमौसमी काँक्राखेतीबाट तीन महिनामै डेढ लाख आम्दानी



बेमौसमी काँक्राखेती गरेर शुक्लाफाँटा नगरपालिका-३ पिपलाडीका भरत चौधरीले तीन महिनामै रु डेढ लाख बढी आम्दानी गरेका छन् । तीन कठ्ठा जगगामा चौधरीले काँक्राखेती गरेका छन् । हालसम्म २१ क्विन्टल काँक्रा बिक्री गरेको चौधरीले बताए । काँक्रा प्रतिकिलो रु ७० देखि रु ८० मा बिक्री हुँदै आएको छ । काँक्रा रोप्नेदेखि टिपेर बजारसम्म लैजाने कार्यमा चौधरी खटिँदै आएका छन् । बारीमा उत्पादित काँक्रा स्थानीय झलारी, कलुवापुर र अत्तरियालगायत बजारमा बिक्री हुने गरेको छ । "स्थानीय व्यापारीले काँक्रा बारीबाटै खरिद गरेर लैजाने गरेका छन्", चौधरीले भने, "व्यापारी नआएको दिन आफैं साइकलमा राखेर काँक्रा बजारमा पुऱ्याएर बिक्री गरिँदै आएको छ ।" अझै बारीमा रु एक लाख मूल्य बढीका काँक्रा बिक्री गर्न बाँकी रहेको उनले बताए । गत वर्ष उनले दुई रु लाख मूल्यका बेमौसमी काँक्रा बिक्री गरेका थिए । पिपलाडी गाउँमा व्यावसायिक तरकारीखेतीमा धेरै किसान भए पनि बेमौसमी काँक्रा उत्पादन गर्नेमा चौधरी एक्ला किसानका रुपमा रहेका छन् । बेमौसमी काँक्राखेती गरेर बजार मूल्य पनि बढी पाइने र बजारमा सहजै बिक्री गर्न सकिने भएकाले यस खेतीलाई दुई वर्षदेखि निरन्तर रुपमा गर्दै आएको चौधरी बताउछन् । भारतीय तरकारीखेती गर्ने व्यक्तिहरुबाट चौधरीले बेमौसमी तरकारीखेती गर्ने तौरतरिका सिकेको बताए । काँक्रासँगै चौधरीले लौका, भन्टा, खुर्सानी, तितेकरेला, चिचिण्डा, धनियाँ, आलु, लसुन, काउली, बोडीलगायतको खेती गर्छन् । काँक्राखेतीबाट रु तीन लाख र अन्य तरकारीखेती गरी वर्षमा उनले रु सात लाखदेखि रु १० लाखसम्मको आम्दानी गर्दै आएका छन् । तरकारीखेती गरी आएको आम्दानीबाट चौधरीले छोरालाई काठमाडौंमा डेरामा राखेर मेकानिकल इन्जिनियर पढाउँदै आएका छन् । उनले छोरीलाई महेन्द्रनगरमा कम्प्युटर विज्ञानको पढाइ गराउँदै आएका छन् । "तरकारीखेतीबाट आएको आम्दानीमध्ये केही छोराछोरीका लागि खर्च हुन्छ", चौधरीले भने, "बाँकी रहेको रकम घरखर्चमा सकिन्छ ।" पिपलाडी गाउँमा तरकारीखेतीमा ५० बढी परिवार संलग्न रहेका छन् । त्यसमध्ये चौधरीलाई अधिक आम्दानी गर्ने किसानमा गणना गरिन्छ । चौधरीले एक दशकअघिदेखि तरकारीखेतीमा संलग्न रहँदै आएका छन् । व्यावसायिक खेतीमा संलग्न रहँदै आएका चौधरीले भने अहिलेसम्म अनुदानका कुनै पनि कार्यक्रममा समावेश हुन नपाएको गुनासो गरे । -रासस

## जलवायु परिवर्तनले कृषि उत्पादकत्व घट्दै



पछिल्लो समय नेपालमा जलवायु परिवर्तनका कारणले कृषि क्षेत्रमा विभिन्न चुनौतीहरू थपिएका छन् । जलवायु परिवर्तन हुँदा तापक्रममा परिवर्तन, वर्षाको ढाँचामा परिवर्तन र खडेरी, बाढी तथा पहिरो जस्ता विषम मौसमी घटना बढ्दो पाइएको छ । यसले नेपाली कृषिको उत्पादकत्वमा असर परिरहेको पाइएको छ । नेपालको खेती प्रणाली मौसममा आधारित छ । यसले गर्दा खडेरीबाट अत्यधिक प्रभावित बनेको छ ।तापक्रम वृद्धि साथै वर्षाको अनियमितताले यस क्षेत्रको संवेदनशीलता अझ बढाएको देखिन्छ । जलवायु परिवर्तनका कारण यस क्षेत्रको मनसुन चक्र समेत पछाडि सर्दै गएको देखिन्छ । त्रिभुवन विश्वविद्यालय, भूगोल केन्द्रीय विभागका प्रा.डा. प्रेमसागर चापागाईंको नेतृत्वमा 'नेपालमा जलवायु परिवर्तनले कृषिमा पारेको प्रभाव, अनुकूलनका चुनौती र उपायहरू तथा नीतिगत सवाल' शीर्षकको नेपाल केन्द्रित अनुसन्धानमा जलवायु परिवर्तनले निम्त्याएका चुनौतीहरू भविष्यमा अझ तीव्र हुने प्रक्षेपण गरिएको छ । सो अध्ययन सन् २०२२ देखि अक्टोबर सन् २०२४ मा अध्ययन गरिएको थियो । सो अध्ययनमा रसुवा, नुवाकोट, चितवन, तनहुँ र कास्की जिल्ला ६३३ जना किसानलाई समावेश गरिएको केन्द्रीय विभागका प्रा.डा. प्रेमसागर चापागाईंले बताए । 'नेपालमा जलवायु परिवर्तनको प्रभावको रूपमा तापक्रम वृद्धि, अनियमित वर्षा, विषम मौसमी घटनाहरूको वृद्धि, जलवायुजन्य प्रकोप र विपद्का घटनाहरूको आवृत्ति बढिरहेको छ,' उनले भने, 'यसले गर्दा वर्षामा आधारित कृषि प्रणालीमा निर्भरता बढेको छ । साथै पारिस्थितिक तथा धरातलीय विविधताका कारण कृषि क्षेत्रमा धेरै प्रभाव परेको छ ।' नेपालमा जलवायु परिवर्तनका कारण कुल ग्राहस्थ उत्पादनको ९.९ प्रतिशत सम्म क्षति हुन सक्ने अध्ययनले देखाएको छ । खासगरी, जलवायु परिवर्तनले गर्दा बाली, पशुपालन, र माछापालनमा समेत गरी १० प्रतिशतदेखि ३० प्रतिशतसम्म क्षति हुन सक्ने देखिएको छ । 'जलवायु परिवर्तनमध्ये खडेरी पनि एक हो । बढ्दो खडेरी र मनसुनको ढिलाइको कारण बाली लगाउने समय पछाडि सर्दै गएको छ' उनले भने, 'जसले गर्दा बीउ छर्ने, उम्रिने, फुल्ने, र फल लाग्ने प्रक्रियामा असर पारेको छ ।' चापागाईंले उत्पादकत्व पनि घटेको बताए । साथै बाढी पहिरोजस्ता प्रकोपले कृषि भूमिमा क्षति पुऱ्याएको र लगाएको बालीनाली समेत नष्ट गरेको उनको भनाइ छ । चापागाईंका अनुसार जलवायु परिवर्तनका प्रभावहरू नकारात्मक र सकारात्मक दुवै देखिएका छन् । उनले गरेको अध्ययन क्षेत्रमा लगभग ९ प्रतिशत घरपरिवारले मात्र सकारात्मक परिवर्तन पाएका छन् । सो प्रभावमा हिमाली र पहाडी क्षेत्रका उच्च भू-भागमा स्याउ र अन्न उत्पादनमा वृद्धि हुनुलाई सकारात्मक प्रभावको रूपमा लिन सकिने उनले तर्क राखे । तर सोही अध्ययनमा हिमाली क्षेत्रका ७९ प्रतिशत, पहाडमा ९१ प्रतिशत र तराई क्षेत्रमा ९४ प्रतिशत घरपरिवारले कृषिमा जलवायु परिवर्तनका नकारात्मक प्रभाव अनुभव गरेका छन् । उनले भने, 'बाली उत्पादन घट्नु, बालीनालीमा रोग तथा कीराहरूको वृद्धि हुनु र नदीमा माछाको विविधता र उत्पादनमा कमी आउनु आदि प्रमुख नकारात्मक प्रभाव देखिएका छन् ।'

**कृषि उत्पादन घट्दो :**

जलवायु परिवर्तनको कारण कृषि उत्पादन घटेको छ । अध्ययन क्षेत्रका ९० प्रतिशतभन्दा बढी घरपरिवारको कृषि उत्पादकत्वमा कमी आएको छ । प्रमुख बालीहरूको उत्पादन हिमालमा ३०-४० प्रतिशत, पहाडमा लगभग २५ प्रतिशत र तराईमा १५ प्रतिशतले उत्पादन घटेको अध्ययनले देखाएको छ । अध्ययनले उत्पादन लागत पनि बढेको देखाएको छ । हिमाली क्षेत्रमा १५.४ प्रतिशत उत्पादन लागत बढेको छ भने, तराई र पहाडमा क्रमश: ९० प्रतिशत र ६८ प्रतिशत उत्पादन लागत बढेको देखिएको छ । मौसम परिवर्तनका कारण हिमाली भेगको चरण क्षेत्रमा घाँसपातको उत्पादनमा असर परेको छ । तापक्रम वृद्धिले चौंरी तथा हिमाली बाखा, भेडा तथा पहाड र तराईमा पनि गाईवस्तुमा विभिन्न रोग देखिएको सो अध्ययनमा उल्लेख छ ।

**बाली विरुवामा रोग कीराको प्रकोप बढ्दो :** जलवायु परिवर्तनको प्रमुख प्रभाव भनेको फसल उत्पादनका विभिन्न चरणहरूमा बालीमा कीराहरू र रोगहरूको वृद्धि हुनु हो । हिमालमा ५१ प्रतिशत घरपरिवारहरूले तथा पहाड र तराई क्षेत्रमा शतप्रतिशत घरपरिवारहरूले बालीनालीमा रोग किराको वृद्धि भएको दाबी गरेको अध्ययनमा उल्लेख छ । बाढी, पहिरोका कारण कृषि भूमिमा थप क्षति भइरहेको छ भने बेमौसममा हुने ठूलो वर्षा हावाहुरी र असिनाले मकै, धानबाली र फलफूलमा क्षति पुऱ्याएको छ । किसानले प्रत्येक वर्ष थप रासायनिक मल र कीटनाशक औषधिको प्रयोग गर्नुपरेको कारण कृषिमा लागत वृद्धि हुँदै गइरहेको चापागाईंले बताए ।

**पाक्नुअघि नै बाली सुक्दै :** सो अध्ययन अनुसार सुख्खा खडेरीले हिमाली क्षेत्रमा पाक्नुअघि नै बाली सुकन थालेको छ । विगतमा गाईबस्तुको मल प्रयोग गर्दा माटोको आर्द्रता कायम हुन्थ्यो । तर गाईबस्तुको सङ्ख्यामा कमी आएका कारण किसानहरूले रासायनिक मल प्रयोग गर्न थालेका छन् । जसले माटोको आर्द्रता कायम रहन नसकेको चपागाईंले बताए । 'पहाड र तराई क्षेत्रमा, हिउँदे वर्षा घट्दै गएकोले गर्दा सिँचाइको स्रोतको रूपमा प्रयोग हुने प्राकृतिक मुहान र ढुङ्गे धारामा पानीको मात्रा घट्दै गएको र धेरै पानीका मुहान सुक्दै गएका छन्,' उनले भने,' यसबाट सिँचाइको लागि पानीको अभाव देखिएको छ ।' जलवायु परिवर्तनका कारण ६० प्रतिशत घरपरिवारको प्रमुख तथा नगदे बालीहरूमा गम्भीर प्रभाव परेको चपागाईंको तर्क छ । 'प्रत्येक घरपरिवारको वार्षिक औसत बालीको क्षति हिमाली क्षेत्रमा लगभग ६०० अमेरिकी डलर, पहाडमा २२५० डलर र तराई क्षेत्रमा २१०० अमेरिकी डलर बराबर छ,' उनले भने । तराईमा औसत वार्षिक ०.००४२, पहाडमा ०.०९२१ र हिमालमा ०.०२५४ डिग्री सेन्टिग्रेडका दरले तापक्रम वृद्धि भइरहेको तथ्य अनुसन्धानमा पाइएको छ । यसैगरी वार्षिक वर्षा हिमाली क्षेत्रमा १३.१२ मिलिमिटर, पहाडी क्षेत्रमा ९.३९ मिलिमिटर र तराईमा ५.०२ मिलिमिटर घटेको सो अध्ययनमा उल्लेख छ ।

-रातोपाटी डटकम

## गहुँखेती प्रवर्द्धन गर्न किसानलाई अनुदान



पोखरा महानगरपालिकाले गहुँखेतीप्रति किसानको आकर्षण बढाउन अनुदान तथा सहयोगका कार्यक्रम कार्यान्वयन गर्ने भएको हो । महानगरपालिकाले हिउँदे बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत गहुँखेतीका लागि बीउ, जमिन जोत्ने, थ्रेसिङ गर्नेलगायत कामका लागि अनुदान दिने निर्णय गरेको छ । महानगरको कृषि महाशाखाका प्रमुख मनोहर कडरियाका अनुसार पोखरा महानगरपालिका क्षेत्रभित्र हुने गहुँखेतीका लागि न्यूनतम एक सय रोपनी क्षेत्रफलको 'क्लष्टर'लाई आधार मानेर बीउ, जमिन जोत्न र थ्रेसिङ गर्न ५० प्रतिशत अनुदान दिइने छ ।

महानगरपालिकाका वडा नम्बर १३, १९, २३, २६, २७, २८ र ३२ का विभिन्न स्थानमा गहुँखेती प्रवर्द्धनात्मक कार्यक्रम कार्यान्वयन गरिने छ । यस वर्ष महानगरपालिकाले चार हजार किलोग्राम गहुँको बीउ ५० प्रतिशत अनुदानमा वितरण गरेको छ ।

-डिसी नेपाल डटकम

# आज रैनादेवी छहरा र रिब्दीकोटमा स्थानीय विदा



**पाल्पा,** मंसिर २२/जिल्लाका दुई स्थानीय तहले आज आइतबार स्थानीय विदा दिएका छन् । यहाँका रैनादेवी छहरा र रिब्दीकोट गाउँपालिकाले सुन्तला महोत्सव सफल पार्न भन्दै स्थानीय बिदा दिएका हुन् ।

दुई पालिकाले किसानले उत्पादन गरेका सुन्तलाको बजारिकरण, बगैंचा व्यवस्थापनमा सीप र ज्ञानको विकास गर्ने उद्देश्यले दुई दिन सञ्चालन गर्ने महोत्सवका लागि आज स्थानीय विदा दिइएको महोत्सव मूल आयोजक समितिका संयोजक तथा रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रुक्मागत भट्टराईले बताए । महोत्सवले सुन्तला किसानबाट उत्पादित सुन्तलाको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिइएको उनले बताए । सुन्तला महोत्सवको लागि दुई गाउँपालिका भित्र रहेका कर्मचारी जनप्रतिनिधि विद्यालयका शिक्षक स्वास्थ्यकर्मी लगायत सम्पूर्णलाई अनिवार्य उपस्थिति भएर सुन्तला महोत्सव सफल बनाउन आग्रह गर्दै एक दिन विदा गरिएको रैनादेवी छहराका प्रमुख प्रशासकिय अधिकृत कृष्ण प्रसाद तिमिल्सेनाले बताए ।

सुन्तला पकेट क्षेत्रका किसानलाई सुन्तलाको बजार प्रवर्द्धनमा सहयोग गर्न महोत्सव फलदायी हुने महोत्सव मूल आयोजक समितिका सह-संयोजक एवं रिब्दीकोट गाउँपालिकाका अध्यक्ष नारायणबहादुर कार्कीले बताए । शनिबार महोत्सवको उद्घाटन गरिएको र आइतबार सांस्कृतिक कार्यक्रमसहित सुन्तला खानेप्रतियोगिता हुने रिब्दीकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लेखनाथ पोखरेलले बताए । उनले आगामी दिनमा जिल्लाका १० वटै स्थानीय तहको संयुक्त आयोजना सुन्तला महोत्सव गर्न सकिने सन्देशका रुपमा यो महोत्सवलाई लिइएको उल्लेख गरे । महोत्सव रैनादेवी छहरा-५, मुझुङ कटौजेपानीमा शनिबारदेखि सुरु भएको छ । दुवै स्थानीय तहले महोत्सवका लागि ५/५ लाख बजेट विनियोजन गरेका छन् ।

# अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस मनाइँदै




**पाल्पा,** मंसिर २१/आज अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस नेपालसहित विश्वभर मनाइँदै छ । हरेक वर्ष डिसेम्बर ८ मा अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस मनाउने गरिन्छ । दक्षिण गोलार्द्धीय मर्यादित महिनावारी सञ्जालको पहलमा सन् २०१९ देखि यो अभियान मनाइँदै आएको छ । महिला हिंसा विरुद्धको १६ दिने अभियान (२५ नोभेम्बर-१० डिसेम्बर) कै अवसर पारेर हरेक वर्ष ८ डिसेम्बरमा यो दिवस मनाउन लागिएको हो ।

महिनावारीका विषयमा सरसफाइको दृष्टिकोणबाट बहस छलफल भए पनि महिनावारीका कारण किशोरी/महिलामाथि गरिने विभेद, लाञ्छनाहरु हुने गरेका छन् । त्यसलाई रोक्नका लागि पनि यो दिवस महत्वपूर्ण हुने गर्दछ । महिनावारी प्राकृतिक शारीरिक प्रक्रिया हो । महिलाको गर्भाशयको भित्री तहमा मासिक रूपमा जम्मा भएका तन्तुहरू र रगत बाहिर फालिने विशुद्ध प्राकृतिक र महत्वपूर्ण प्रक्रिया यो । प्राकृतिक, स्वाभाविक र महत्वपूर्ण प्रक्रिया भएपनि महिनावारीका बारेमा विश्वका विभिन्न भागमा त्यहाँका संस्कृति र सामाजिक मान्यता अनुसार यसबारेमा विभिन्न धारणा रहेको पाइन्छ । केही संस्कृतिमा महिनावारीलाई सम्मानका दृष्टिले हेरिने भए पनि विश्वका अधिकांश भागमा महिनावारी र महिनावारी भएका महिलालाई अशुद्ध, फोहोर र अपवित्र मान्ने अन्धविश्वास वर्षौंदेखि कायम रहेको पाइन्छ । यसैका आधारमा महिलालाई विभिन्न पारिवारिक, सामाजिक, सांस्कृतिक र धार्मिक कार्यक्रमहरूमा भाग लिन बञ्चित गरिन्छ । नेपालमा पनि यस्तो अन्धविश्वास रहेको पाइन्छ । महिनावारीसँग जोडिएको सामाजिक लाञ्छनाले गर्दा रजस्वलाको बेला प्रयोग गरिने प्याडलगायत अन्य साधनबारे महिलाले खुलेर बोल्न समेत सकेका छैनन् । यसले गर्दा महिनावारीको साधनमा सर्वसुलभ पहुँचको अभावले पनि रजस्वलाको अनुभव, स्वास्थ्य र महिलाको स्वाभिमानलाई प्रतिकूल प्रभाव परेको छ । २१ औं शताब्दीमा पनि महिनावारीलाई हाम्रो समाजले अझै अन्धविश्वासी एवम् नकारात्मक दृष्टिबाट हेर्ने गरेकै कारण जनसंख्याको आधा हिस्साले अमर्यादित र असुरक्षित जीवन गुजार्न बाध्य हुनुपरिरहेको छ । यो परिप्रेक्ष्यमा महिनावारीलाई मर्यादित, सुरक्षित तथा स्वस्थ बनाउने दिशामा सबै तहबाट भरमग्दुर प्रयास हुनु जरुरी छ ।

अर्थ/कर्पोरेट समाचार

# पाल्पामा दोस्रो सुन्तला महोत्सव सुरु



**कृष्ण पोखरेल**

**पाल्पा,** मंसिर २२/ सुन्तलाको उर्वरभूमीको रुपमा परिचित पाल्पामा दोस्रो सुन्तला महोत्सव शुरु भएको छ । रिब्दीकोट गाउँपालिका र रैनादेवी-छहरा गाउँपालिकाको संयुक्त आयोजनामा यही मंसिर २२ र २३ गते दुईदिने सुन्तला महोत्सव सुरु भएको हो ।

दुबै गाउँपालिकाले रैनादेवी-छहरा गाउँपालिका वडा नं ५, कटौजेपानीमा सुन्तला महोत्सव गरेका हुन । पाल्पामा वार्षिक रुपमा ३० करोड बरावरको सुन्तला खेतीबाट कृषकहरुले आम्दानी गर्दै आएका छन् । गत बर्ष रिब्दिकोट गाउँपालिका-७ पालुङ्ग मैनादीमा प्रथम सुन्तला महोत्सव भएको थियो । दुई दिने सुन्तला महोत्सवको लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तिमगर शुभारम्भ गर्दै लुम्विनी प्रदेशको पाल्पा, अर्घाखाची ,गुल्मीलाई सुन्तला पकेट क्षेत्रको रुपमा विकास गरेर हजारौ युवाहरुलाई गाउँ-ठाउँमा रोजगारी दिलाउन सकिने बताए ।

पाल्पाको रैनादेवी छहरा र रिब्दीकोट प्रशस्तमात्रामा सुन्तला खेती गर्न सकिने वातावरण भएकोले प्रदेश सरकारले पालिकासँग समन्वय गरेर कृषकमुखी कार्यक्रम ल्याउन सकिने सभामुख घर्तिमगरले जोड दिए । महोत्सवमा लुम्बिनी प्रदेश सांसद विरबहादुर राना, रामजी घिमिरे, संविधानसभा सदस्य लिला सोमैले पश्चिम पाल्पाको हार्थोक देखी अर्घाखाँचीको पाणीनी गाउँपालिकासम्म सुन्तला पकेट, सुन्तला करिडोरको रुपमा विकास गरी विदेशिएका युवाहरुलाई सुन्तला उद्यमी बनाउन सकिने, गाउँलाई पुन:हराभरा बनाउने वातवातरण बन्दै गएको बताए । महोत्सवमा प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदी, नेपाली काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठ, नेकपा माओवादीका जिल्ला संयोजक राजेन्द्र विश्वकर्मा, रास्वपाका कार्यवाहक अध्यक्ष सुमन गैरे, राप्रपाका जिल्ला अध्यक्ष डुल बहादुर कुवँर, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष विशाल दर्लामीले लुम्बिनी प्रदेश मुख्यमन्त्री जनसम्पर्क सल्लाहकार डा. रामबहादुर राउत लगायतले शुभकामना दिदै सुन्तला खेतीलाई व्यवसायिक बनाउन स्थानीय सरकार देखी प्रदेश सरकारले ध्यान दिनुपर्नेमा जोड दिए ।

महोत्सवमा सुन्तलाको उत्पादनमा विविधिकरणको प्रदर्शन आकर्षणको केन्द्र बनेको छ । सुन्तलाबाट वाईन, रक्सी, जुस, जाम, मिठाई देखी करीव १० प्रकारका सरसमानहरु निर्माण गरी विक्रिमा राखिएको छ । गत वर्षदेखी पाल्पाको सुन्तलाको विविधिकरण गरी विक्रि वितरण शुरु भएको हो । महोत्सवमा सुन्तला रोपण क्षेत्रको माटो परिक्षण, रोग किरा नियन्त्रण, सुन्तला खेती सम्वन्धी आवश्यक परामर्श तथा जानकारी, विरुवा लगाउँदा, काटछाट गर्दा अपनाउनु पर्ने सावधानी, सुन्तला बगैचाको हेरचाह तथा मलखाद प्रयोग सम्बन्धी कृषि प्राविधिकहरुले कृषकहरुलाई जानकारी दिएका थिए । पाल्पामा सुन्तलाको पकेट क्षेत्र भएको, बाझा खेतबारीमा समेत प्रशस्त सुन्तला खेती गरेर आयआर्जन गर्न सकिने, बाझा जमिनहरु पैसामा रुपान्तरण हुने, गाउँघरमै वार्षिक रुपमा लाखौ करोडौ रुपैया आम्दानी गर्न सकिने, बसाई सराई रोक्ने अभियानका साथ सुन्तला महोत्सवलाई कन्द्रित गरिएको महोत्सव मुल आयोजक समितिका संयोजक एवं रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रुक्माङ्गत भट्टराईले जानकारी दिए । रैनादेवी छहरा गाउँपालिकाले चालु आर्थिक बर्षमा ३० हजार सुन्तलाका विरुवा लगाएको आगामी वर्ष ५० हजार सम्म सुन्तलाका विरुवा लगाउने अभियानमा पालिका लागेको अध्यक्ष भट्टराईले बताए । रैनादेवी छहरा गाउँपालिकामा १ सय ७२ हेक्टरमा वडा नं २ देखी ५ सम्म ८२५ घरधुरीले सुन्तला बार्षिकरुपमा ८०१ मेट्रिक टन सुन्तला उत्पादन बाट १० करोड बराबरको आम्दानी गर्दै आएको तथ्याङ्क रहेको छ ।

महोत्सव मुल आयोजक समितिका सह-संयोजक रिब्दिकोट गाउँपालिकाका अध्यक्ष नारायण बहादुर कार्कीले गत बर्ष गरेको सुन्तला महोत्सवको कारण मैनादी क्षेत्रमा मात्र २२ घरपरिवार बसाई सराई बाट रोकिएको बताए । रिव्दीकोटमा ८२६ घरपरिवारले ३ हजार १ सय ३३ रोपनी क्षेत्रफलमा ३८ हजार ७ सय ११ बोट बाट बार्षिक रुपमा ५ करोडको सुन्तलनाको आम्दानी हुने गरेको अध्यक्ष कार्कीले जानकारी दिए ।

सुन्तला खेती पश्चिम पाल्पाका कृषकहरुको लागि नगदे बालीको रुपमा रहेको छ । अहिले कृषकहरुले प्रति केजी ६० देखी ८० रुपैया सम्म घर तथा बगैचा बाट सुन्तला विक्रि गर्दै आएका छन । महोत्सव व्यबस्थापन समितिका संयोजक रिब्दीकोट गाउँपालिकाकी उपाध्यक्ष कान्ता अधिकारीको स्वागत, महोत्सवका व्यवस्थापक दानबहादुर कुवँरले सुन्तला खेतीको इतिहास र वर्तमान अवस्थाको बारेमा जानकारी गराएका थिए । महोत्सवको सञ्चालन रिब्दीकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लेखनाथ पोखरेलले गरेका थिए ।




मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई